हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY




वर्ष : ०१ अंक : ९७ पृष्ठ : ४ २०७७ कार्तिक ०४ गते मंगलबार (Tuesday 20 October 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## नगरपालिकाले मनोमानी गरी सार्वजनिक भवन बनाउँदा स्थानीय समस्यामा

**सिरहा ।** विकास निर्माणका कार्य गर्नु वा हुनु राम्रो पक्ष हो । विकास निर्माणका कार्य जनताको हित सोंचेर गरिनुपर्छ ।

तर, सिरहाको सुखिपुर नगरपालिकाको एक वडामा नागरिकलाई दुःख दिनेगरी काम गर्दिा स्थानीय समस्यामा परेका छन् ।

नगरपालिकाले वडा नम्बर १० स्थित नंगुर्वामा बनाइरहेको सार्वजनिक भवन स्थानीय एकजनाको जग्गाको मुखै छोपिने गरी मनमरी तरिकाले बनाइरहेको छ । सुखिपुर नगरपालिका ७ निवासी रामकुमार महताको कित्ता नम्बर १०६ को एक कट्ठा २ धुर घडेरीको मुख नै बन्द गरी नगरपालिकाले सार्वजनिक भवन बनाउँदैछ ।

नगरपालिकाले भवन बनाइरहेको जग्गा सार्वजनिक हो । भवन निर्माण भइरहेको जग्गाको पछाडीमा स्थानीयहरूको घडेरी छ । नगरपालिकाले स्थानीयहरूसँग सरसल्लाह समेत नगरी भवन बनाउन थालेपछि रामकुमारका छोरा देवचन्द्र सिंहले नगरपालिकालाई विपक्षी बनाई अदालतमा मुद्दासमेत दायर गराएका छन् । उनको मुद्दापछि अदालतले मुद्दाको छिनोफानो



नहुञ्जेलसम्म भवन निर्माण कार्य नगर्न आदेश दिएपनि नगरपालिकाले जवर्जस्ती गर्दा आफूहरू समस्यामा परेको उनले बताए ।

यता, यस सम्बन्धमा वडाध्यक्ष रामलखन महतोले नगरका मेयर रामऔतार यादवले आफूसँग सल्लाह पनि नगरी मनोमानी तरिकाले भवन निर्माण कार्य गराइरहेको बताए । भवन कति लागतमा बनिरहेको छ भन्ने कुरासमेत आफूलाई जानकारी नभएको उनी बताउँछन् ।

## कांग्रेस कोषाध्यक्ष यादवले गरिन् दशैं भता फिर्ता

**लहान ।** प्रतिनिधिसभा सदस्य तथा नेपाली कांग्रेसकी केन्द्रिय कोषाध्यक्ष सितादेवी यादवले दशैँ भता फिर्ता गर्न संसद सचिवालयलाई पत्र लेखेकि छन् । पत्र लेख्दै कोरोना महामारीले देश अक्राणत भएको बेला सांसदलाई सरकारले बाँडेको दशैँ भता नीतिगत र व्यवहारिक नभएको जनाएका छन् ।

फिर्ता गर्न लेखेकि पत्रमा दशैँ भताको रकम कोरोना नियन्त्रणमा खर्च गर्न सरकारी कोषमा जम्मा हुने व्यवस्था मिलाइदिन आग्रह गरेकी छिन् । उनी गृह जिल्ला सिरहामा भएको हुनाले उनको बैँक खातामा आएको दशैँ फिर्ता लिन निवेदन लेखी संसद सचिवालयमार्फत सरकारलाई अनुरोध गरेको छ ।

## गाँजा बोकेको ट्याक्टर सहित दुई पक्राउ





**सिरहा ।** सिरहा प्रहरीले ठूलो परीमाणमा प्रतिवन्धित लागुऔषध गाँजा, गाँजा बोकेको ट्याक्टर सहित दुईजनालाई नियन्त्रणमा लिएको छ । ईलाका प्रहरी कार्यालय मिर्चैयाले चेक जाँचको क्रममा मिर्चैया नपा १ मनहर्वाबाट आईतबार मध्येराती एक सय केजी प्रतिवन्धित लागुऔषध गाँजा, गाँजा बोकेको ना. ५ त १४ नम्वरको ट्याक्टर सहित चालक र सहचालक स्थानीय १९ वर्षिय सुन्दर कापर र २६ वर्षिय जितेन्द्र कामपरलाई नियन्त्रणमा लिएको हो । दशैं तिहार विशेष सुरक्षा योजना अनुसार एम्वुस डिउटीमा रहेका प्रहरीले भित्री सडक खण्डमा उत्तरबाट दक्षिणतर्फ गईरहेको ट्याक्टर चेकजाँच गर्ने क्रममा ठूलो ५ र सानो २ वटा प्लाष्टिकको पोकामा रहेको गाँजा बरामद गरेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रबक्ता एवम् डिएसपी शालिग्राम पौडेलले जानकारी दिए । प्रहरीले उनीहरूको साथबाट २६ हजार भारतीय रूपैयाँ समेत बरामद गरेको छ । अहिलेसम्मको अनुसनधानबाट उनीहरूले आफै चुरेक्षेत्रबाट गाँजा खरिद गरेर ल्याएको बुझिएको जनाएको छ ।

## महिला कुटिए

**सिरहा ।** सिरहा जिल्लाको औरहि गाउपालिका वडा नम्बर २ का एक दलित महिलालाई दलित जातको भन्दैपटक पटक गैरदलितका केही व्यक्तिहरूले जबरजस्ती कुटपिट गरिरहेको छ । औरही गाउपालिका वडा नम्बर २ बस्ने रामपुकार मण्डलका श्रीमती वर्ष ३२ की सविता मण्डल (खत्वे) लाई श्रीमान मजदुरी गर्न भारताको पंजाब गएको मौकाछोपि निर्घात कुटपिट गरेको हो । पिडित महिलालाई कुटपिटगरि शरीरभरीका लुगाहरू च्यातिदिएको र मरणासन्न गरि घिसारेर कुटपिट पटक पटक गरेको समेत बताउनु भयो ।

औरही गाउपालिकाको वडा नम्र २ तुलसिपुर टोलका दलित महिलालाई यादव थरका व्यक्तिहरूले दलित भन्दै गालिगलौज गर्दै कुटपिट गरिएको हो । औरही गा.पा.का २ का रामवली यादवका छोरा वर्ष २० को श्याम सुन्दर यादव, रामवली यादवको छोरा वर्षकी छोरी वर्ष २३ की रामकुमारी यादव, भविया यादवको छोरा वर्ष ३० को ललुवा यादव र गोपा यादवको श्रीमती लगायतले दलित महिलालाई गालिगलौज



बाँकी ३ पेजमा




**सूचना ! सूचना !! सूचना !!!**

बडा दशैंको उपलक्ष्यमा लहानपोस्ट दैनिकको आगामी अंक कार्तिक १८ गते मंगलबारदेखि प्रकाशित हुने जानकारी गराउँदछौं ।

**लहानपोस्ट दैनिक परिवार**



फ्रेन्डस मोडल हस्पिटल, लहान ४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# घरभित्रै गुम्सिएको असमानता

■ आकक्षा झा

के तपाईहरूले घरभित्रको असमानतालाई देख्नु भएको छ ? पक्कै पनि देखेर पनि नदेखे झैं गर्नुभएको छ होला । हो म त्यही असमानताको कुरा गर्दै छु जुन छोरा र छोरीबिच अझ सम्म पनि कायमै छ । जसलाई हाम्रो घर, परिवार र समुदायले अझसम्म पनि निरन्तरता दिईने राखेको छ ।

हो म यही घर, परिवार र समाजको कुरा गर्दैछु जसले दावी गर्ने गर्छ की हामी असमानताका विरोधी हौं, जसले ठूला-ठूला भाषण छाट्दै हिंडछ भन्छ छोरा-छोरी दुईटै एक समान हुन् भनेर, तर फेरि, किन त्यही घरमा छोरीले मात्र अथवा भर्ना महिलाहरूले मात्र घरको सम्पूर्ण काम गर्नुपर्ने हुन्छ, जवकी छोरा भनाउँदा पुरूष पात्रहरू खाएर, गेम खेलेर, मोवाईल चलाएर, टि.भी. हेरेर,रमाइलो गरेर मात्र दिन व्यतित गरिरहेका हुन्छन् । छोरीलाई मात्र चिया बना, खाना बना, कोठा मिला विभिन्न कार्य गर्न किन भनि राखिन्छ तर छोरालाई भने एक भन्न सम्म पनि भनिदैन् । के यो गुम्सिएको असमानता हैन र ?

यो घरभित्रै हुर्कदै गरेको असमानता, विभेद रूढिवादी परम्परा र कुविचार हैन र ? पक्कै पनि हो, यी सबै हाम्रो घरभित्रै रोपिएको विउँको उपजहरू हुन् । सानो उमेरदेखि नै छोरा मान्छेहरूलाई गल्ती गर्दा गल्तीको अनुभुति सम्म पनि गराईदैन् तर त्यही छोरीहरूलाई भने छोरी भएकै कारण विना गल्ती पनि शिर निहुर्‍याएर राख भनी सिकाइने गरिन्छ । एक किसिमले भन्ने हो भने मानसिक रूपले नै तालिम दिई तयार पार्ने गरिन्छ की छोरीहरूले बढी बोल्नुहुन्छन बाहिर बढी हिड्नुहुन्न्, ठूलावडा भनाउँदा केटा मान्छेहरूलाई जवाफ फर्काउनुहुन्न्, मुखमुखै लाग्नुहुन्न्, कुनै पनि कुराको प्रतिकार गर्नुहुन्न छोरी मान्छेहरूले भनेर मन मस्तिष्कमा "कोच्ने" गरिन्छन् । फलस्वरूप अहिलेको २१ औं शताब्दीको विकसित युगमा आईसक्दा पनि प्रतिकार गर्नुको सट्टा घरभित्रै विभिन्न किसिमका घरेलुहिंसा मानसिक, शारीरिक यातना, विभेद, दुर्व्यव्यवहारको सिकार हुनु परिरहेको छ, छोरीहरूले र यो सबै समानताको नाममा घरभित्रै गरिने ब्याकमेल होइन र?

संस्कारको नाममा गरिने ब्याकमेल इज्जतको नाममा गरिने ब्याकमेल, नाम प्रतिष्ठा र सम्मानको नाममा गरिने ब्याकमेल, के यो सबै छोरी मान्छेहरूलाई परिधिभित्रै राख्नकै लागि सिर्जित गरिएको द्यबिअफबषु का विभिन्न नमुनाहरू होइन र ?

सहन, सम्झौता गर्न, चुप लागेर सुन्न सिकाईन्छ तर त्यती बोल्न सिकाईदैन, असमानता र विभेदको प्रतिकार गर्न सकिदैन र यो सबै हाम्रो आफ्नै घरभित्र हुर्किएको असमानता हो, जसलाई सामान्य आँखाले हेर्ने प्रवृत्तिको विकास भने अझै सम्म पनि भइसकेको छैन् ।

भ्रुण अवस्थादेखि मृत्युसम्म पनि पाइला/पाइलामा विभिन्न अपमान, लाल्छना, हिसाको सिकार बन्दै जीवन विताउन बाध्य पारिने एउटी छोरी मान्छेको जीवनलाई पनि सार्थक र अर्थपूर्ण बनाउनका लागि घरभित्रै रहेको ग्लकभभल असमानतालाई तिलञ्जली दिंदै अगाडी बढ्न सक्यो भने घर, परिवार र समुदायभित्र हुर्कदै गएको असमानता पनि हटेर जाने थिएन र ?

## आजको राशिफल

**मेष** :- आज शरीरमा स्फूर्ति र उमङ्गको कमी हुनेछ । आत्मबल बढाएर काम गरेमा असफल भईँदैन । व्यक्तिगत खुसीका लागि केही धन खर्चभने अवस्य हुनेछ ।

**वृष** :- वाक्चतुर्याईँले संकल्प सिद्ध हुनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । आर्थिक एवं व्यावसायिक क्षेत्र सुदृढ रहनेछ ।

**मिथुन**:- आज व्यक्तिगत कार्यमा सफलता मिल्नेछ । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । चिन्ता हटेर मन हलुका हुनेछ । मनोरञ्जनमा सहभागी पनि भइएला ।

**कर्कट** :- आज काममा अपेक्षाकृत सफलता हात पर्नेछ । आफन्त एवं इष्टमित्रसँग भेटघाट होला । काम गर्ने जोश जाँगर र उमङ्ग बढ्नेछ । विद्यामा सफल भाईनेछ ।

**सिंह**:- आज आँटेको र ताकेको कार्य पुरा होला । टाढाका नातागोता वा परिवारजनसँग भेटघाट हुनेछ । समस्या सुल्झाउन सकिनेछ । शुभकार्यको चर्चापनि चल्नेछ ।

**कन्या** :- आज अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । लाभदायक र खुसीको यात्रा हुनेछ । अतिथिका रूपमा सम्मान पाइनेछ । चिताएको कामले तीव्रता लिनेछ ।

**तुला**:- बुद्धि र विवेकको प्रयोग गर्न सके आजको दिनलाई सकारात्मक बनाउने समय छ । वित्तिय संस्थाबाट सहयोग मिल्नेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।

**वृश्चिक** :- आज मनमा उत्साहका साथै बोली विक्ने समयछ । शुभकार्यको चर्चा चल्नेछ । नयाँ जिम्मेवारी पाइएला । साझेदारी र सट्टापट्टामा विशेष लाभ मिल्नेछ ।

**धनु**:- आज आर्थिक संकटले गर्दा मनमा अशान्ति र छटपटी व्याप्त हुनसक्छ । प्रेममा बाधाका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामानपनि हराउन सक्छ ।

**मकर** :- आज नयाँ कार्यको योजना बन्ने र धार्मिक यात्राको योगछ । नजिकको व्यक्तिबाट आँटेको काम सफल हुनेछ, तर पारिवारिक सुखकालागि धन खर्च हुनसक्छ ।

**कुम्भ**:- शुभचिन्तकहरूले पूर्ण समर्थन प्रदान गर्नेछन् । घरमा अतिथीको आगमन हुनेछ । पुरानो स्वास्थ्य राम्रो रहनेछ भने खुसीका निम्ति केही खर्च हुनसक्छ ।

**मिन** :- आज उपहार प्राप्त होला । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । आफ्नो क्षेत्रमा प्रभूत्त्व जमाउन सकिनेछ, तर दिनको उत्तरार्धमा धन खर्च हुनेछ ।

# प्रधानमन्त्रीज्यू, के प्रदेशहरु संघीय सरकारका इकाई नै हुन् त ?

■ अधिवक्ता दिपेन्द्र झा

प्रधानमन्त्री केपी शर्मा ओलीले हालै प्रदेश सरकारहरू संघीय सरकारको इकाई ( युनिट) हो भन्नुभयो । उहाँले प्रदेश सरकार र स्थानीय सरकारले स्वतन्त्र ढंगले काम गर्न खोजेको कुराप्रति आपत्ति जनाउँदै यस्तो टिप्पणी गर्नुभएको थियो । सञ्चार माध्यममा आएजस्तै यदि यो अभिव्यक्ति ठीक हो भने संघीयता र संविधानको हिसाबले गम्भीर बहसको बिषय हो ।के वास्तवमा प्रदेश र स्थानीय सरकार पञ्चायतकालमा जस्तो अञ्चल र प्रशासकीय इकाई मात्र हो त ? संवैधानिक हिसाबले प्रदेश र स्थानीय सरकार संघीय सरकारको प्रशासकीय इकाई होइन ।

नेपालमा बनेको यो सातौं संविधान विगतको ६ वटा संविधानभन्दा फरक छ । संविधानले भाग ५ मा राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड सम्बन्धमा व्यवस्था गरेको छ । संविधानको धारा ५६ (२) ले नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीयतहले यस संविधान तथा कानुन बमोजिम गर्नेछन् भनी व्यवस्था गरेको छ । यसको अर्थ के हो भने राज्यशक्तिको प्रयोग तीन तहले बराबरीरूपमा संविधानबमोजिम गर्छन् । संघीय सरकारसँग संविधानबमोजिम कही बढी कार्यबोझ, दायित्व र स्रोत छ । तर, त्यसको मतलव संघ सर्वोच्च र प्रदेश तथा स्थानीय सरकार संघ अधीनस्थ पक्कै होइन । सबै सरकारको क्षेत्राधिकार संविधानले प्रष्ट तोकिदिएको छ । जसलाई नाघेर काम गर्ने अधिकार कसैलाई पनि छैन । संघीय सरकारलाई पनि छैन । यसकारण प्रदेश र स्थानीय सरकार संघीय सरकारको इकाई वा युनिट हुँदै होइन ।

संविधानको धारा ५६ मा राज्यशक्तिको बाँडफाँड सम्बन्धमा व्यवस्था गरेको छ । राज्यशक्तिलाई संविधानको अनुसूचीहरूले तीन तहमा बाँडफाँट गरेका छन् । संघ, प्रदेश तथा स्थानीय सरकारहरूले आ-आफ्नो एकल सूचीमा रहेको अधिकार अविच्छिन्न र स्वतन्त्र हिसाबले प्रयोग गर्ने हो । एकल सूचीमा रहेको अधिकार प्रयोग गर्न कसैले कसैलाई अंकुश लगाउन सक्दैन । यसकारण यो संविधानले प्रदेश संघीय सरकारको युनिट हो भन्ने परिकल्पनासमेत गरेको छैन । यदि त्यस्तो हुँदो हो त किन प्रदेश सरकारले संघीय सरकारविरूद्ध मुद्दा गर्ने हैसियत राख्थ्यो ?

प्रदेश २ ले संघीय सरकारविरूद्ध तीनवटा मुद्दा सर्वोच्च अदालतमा दर्ता गरेको छ । सागरनाथ राष्ट्रिय वनलाई संघीय सरकारले आफ्नो क्षेत्राधिकारमा पारेपछि सो कार्यका विरूद्ध प्रदेश २ को सरकारले सर्वोच्च अदालतमा दायर गरेको मुद्दा अहिले पनि सर्वोच्च अदालतको संवैधानिक इजलासमा विचाराधीन छ । उक्त मुद्दामा सर्वोच्च अदालतको संवैधानिक इजलाशले संघीय सरकारको निर्णयविरूद्ध दुई -दुई पटक अन्तरिम आदेश जारी गरेको छ । अनि के प्रदेश २ वा कुनै पनि प्रदेश कसरी संघीय सरकारको युनिट हुन्छ ? प्रशासनिक युनिट भएको भए प्रदेश सरकारले संघीय सरकारलाई मुद्दा गर्न मिल्थ्यो त ? अथवा संघीय सरकारको मन्त्रिपरिषद्ले गरेको निर्णयलाई रोकाउने हैसियत राख्थ्यो ?

संघ, प्रदेश र स्थानीयतहको अन्तरसम्बन्धको विषयमा संविधानको भाग २० मा व्यवस्था गरिएको छ । संघ, प्रदेश स्थानीयतह तीनवटै सरकारको समन्वय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने कुरा धारा २३२ (१) ले गरेको छ ।

त्यस्तै धारा १६२(१) ले प्रदेशको कार्यकारिणी अधिकार प्रदेशको मन्त्रिपरिषदमा निहित हुने व्यवस्था गरेको छ । संघीय कानुनसँग प्रदेश र स्थानीय तहको कानुन बाझिएमा संघीय कानुन कायम रहने र प्रदेश र स्थानीय तहको कानुन खारेज हुने भन्ने कुरा पनि सत्य होइन ।

संविधानतः जसको एकल सूचीको अधिकार हुन्छ, उसको कानुन कायम रहन्छ र अन्य तहको कानुन खारेज हुन्छ । यसकारण पनि संघीय सरकार सर्वोच्च र अन्य सरकार संघीय सरकारको प्रशासनिक इकाई होइन । सबै सरकारले संविधान प्रदत्त आफ्नो अधिकारको प्रयोग गर्ने हो । यो मुलुकमा ठूलो त्याग, तपस्या र आन्दोलनको परिणामस्वरूप आएको संघीय संविधानको देन यही हो ।



**संविधानतः जसको एकल सूचीको अधिकार हुन्छ, उसको कानुन कायम रहन्छ र अन्य तहको कानुन खारेज हुन्छ । यसकारण पनि संघीय सरकार सर्वोच्च र अन्य सरकार संघीय सरकारको प्रशासनिक इकाई होइन । सबै सरकारले संविधान प्रदत्त आफ्नो अधिकारको प्रयोग गर्ने हो । यो मुलुकमा ठूलो त्याग, तपस्या र आन्दोलनको परिणामस्वरूप आएको संघीय संविधानको देन यही हो ।**

प्रदेश २ बाहेक अहिले सातवटा प्रदेशमध्य एउटा मात्रै प्रदेश कांग्रेसले जितेको भए अनि थाहा हुन्थ्यो प्रदेश संघको यूनिट हो कि होइन भनेर । खैर संघीय सरकारको नेतृत्व रहेको दलकै गण्डकी प्रदेशका मुख्यमन्त्रीले सिडियोहरूलाई हटाउनुपर्छ भनी बारम्बार अभिव्यक्ति दिनुहुन्छ । प्रदेश ५ का मुख्यमन्त्रीले संघको बजेटलाई पञ्चायती शैलीको बजेट छ भनी अभिव्यक्ति दिनुभएको थियो । एउटै पार्टीको भएपनि गण्डकी प्रदेशका मुख्यमन्त्रीले पोखरामा सबै प्रदेशका मुख्यमन्त्रीको भेलाले संघीय सरकार हल्लाएको उदाहरण ताजै छ ।

यस विषयमा केही अन्तर्राष्ट्रिय अभ्यासलाई पनि हेरौं । अर्ध संघीयता रहेको भारतको मोडललाई नै हेर्ने हो भने प्रदेश संघीय सरकारको युनिट हो भन्ने कुनै अदालती निर्णयले देखाउँदैन । भारतको संवैधानिक इतिहासलाई हेर्दा एकसय पटकभन्दा बढी पटक प्रदेश सरकारलाई संघीय सरकारले भारतको संविधानको धारा ३५६ प्रयोग गरी भंग गरी राष्ट्रपति शासन लागू गरेको उदाहरण छ । तर, अहिले संघीय सरकार यो हिम्मत देखाउन सक्दैन । किनभने, प्रदेश सरकारहरू बलिया भएका छन् । एसआर बोमीविरूद्ध युनियन अफ इन्डियाको मुद्दामा भारतीय सर्वोच्च अदालतले के कस्तो अवस्थामा संघीय सरकारले प्रदेश सरकार भंग गर्न नपाउने सिद्धान्त प्रतिपादन गरेको छ । २०१६ मार्च २७ मा भारतीय जनता पार्टीका प्रधानमन्त्री नरेन्द्र मोदीले उत्तराखण्डमा कांग्रेसका मुख्यमन्त्री हरिश रावतको सरकारलाई धारा ३५६ प्रयोग गरी भंग गर्यो र राष्ट्रपति शासन लागू गरे । २० अप्रीलमा उत्तराखण्ड उच्च अदालतले केन्द्र सरकारको यो निर्णयलाई असंवैधानिक भनी बदर गरिदियो । उच्च अदालतको यो निर्णयलाई भारतको सर्वोच्च अदालतले पनि ठीक भनी उत्तराखण्डको सरकारलाई पुनर्स्थापित गर्यो ।

अहिलेको अवस्थामा जतिसुकै बलियो भए पनि संघ सरकारले प्रदेश सरकारलाई छुनसमेत नसक्ने वातावरण बनेको छ । नेपालमा पनि संविधानको धारा २३२ (३) ले संघले प्रदेश सरकार राष्ट्रिय सम्प्रभुता र अखण्डतामा असर पर्ने कुनै काम गरेमा त्यो सरकारलाई सचेत गराउन सक्ने र प्रदेशसभालाई बढीमा ६ महिनासम्म निलम्बन वा भंग गर्न पाउने कुरा उल्लेख गरेको छ ।

तर, के यो धाराको प्रयोग संघीय सरकारले सजिलै प्रयोग गर्ने हिम्मत राख्छ ? अदालतले समेत संघीय सरकारको यस्तो हस्तक्षेपकारी कार्यको सर्मथन गर्न नसक्ने अवस्था हुन्छ । अलोकतान्त्रिक निलम्बनविरूद्ध हुने आन्दोलनमा जनताको लोकप्रिय समर्थन हुने गरेको शिक्षा भारतबाट पाउन सकिन्छ । र, निलम्वन पश्चात् भएको निर्वाचनमा निलम्वन भएको सरकारको दल भारी बहुमतका साथ विजयी हुने सम्भावना रहन्छ ।

भारतको सर्वोच्च अदालतले कृष्णविरूद्ध मद्रास राज्य र मद्रास राज्यविरूद्ध डंकर्लीको मुद्दामा यदि प्रदेशको कानुन साझा अधिकारसँग आकस्मिकरूपमा अतिक्रमण भएको देखिए पनि त्यो कानुन यदि एकल अधिकार अन्तर्गत बनाइएको भए त्यो कायम रहने फैसला भारतीय सर्वोच्च अदालतले गरेको थियो । भारतमा मुख्यमन्त्रीहरू कति

बाँकी ३ पेजमा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

# आदिशक्ति दूर्गाको उपासना

वैदिक मान्यताअनुसार यस संसारका सम्पूर्ण प्राणीहरु एउटै परमात्मा वा ब्रह्मका अंश हुन् । तर पनि सनातन परम्पराबाट दीक्षितहरूले आ-आफ्नो आवश्यकता वा रूचिअनुसार विभिन्न देवीदेवताको उपासना गर्दै आएका छन् । जस्तैः धन सम्पत्ति आर्जन गर्न चाहनेले लक्ष्मीको, विद्या आर्जन गर्न खोज्नेले सरस्वतीको, युद्धकला वा साहसिक काम गर्न खोज्नेले कालीको, राज्य व्यवस्थापन गर्नेले नारायणको, सिद्धिका लागि गणेशको, वितरागीले शिवको आदि ।

सृष्टिको रचना र सञ्चालनका लागि ब्रह्मका अतिरिक्त प्रकृतिको पनि ठूलो भूमिका छ । प्रकृतिलाई नै शक्ति भनिन्छ । शक्तिका तीन मुख्य पात्र छन्, महाकाली, महालक्ष्मी र महासरस्वती । शक्ति शब्दले दूर्गालाई जनाउँछ र दूर्गा, महाकाली, महालक्ष्मी र महासरस्वतीको समष्टि रूप हो । त्यसो त प्रकृति वा शक्ति वा दूर्गाका अनगिन्ती रूप छन् । नवरात्रमा नौ दिनसम्म प्रत्येक दिन दूर्गाका एकएक रूपको आराधाना गरिन्छ ।

माता दुर्गा यस्ती शक्ति हुन्, जसको आराधना गर्दा शक्ति सामर्थ्य, धनवैभव, विद्या, बुद्धि, कला, साहित्य सबैमा अनुकूलता प्राप्त गर्न सकिन्छ । एउटै आराध्यको उपासना गरेर जीवनका आवश्यक सबै पक्षलाई सन्तुलित रूपमा प्राप्त गर्न सकिन्छ ।

त्यसो त कुनै पनि देवीदेवताको कार्य पद्धति हामीले सोचेभन्दा फरक हुन्छ । उनीहरु घुस खाँदैनन् । साधकको देखावटीपनभन्दा भावना, बोलीभन्दा विचार, औपचारिकताभन्दा समग्र व्यवहारको ख्याल राखेर मात्र सहयोग वा संरक्षण गर्छन् । मेरो यो काम गरिदिनोस् भगवान्, म तपाईंको यस्तो पूजा गरौंला वा यस्तो चीज चढाउँला भन्ने सौदाबाजी गर्न खोज्नु बेतुकको कुरा हो । जसको इष्टदेवप्रति भाव वा समर्पण हुन्छ, त्यस्ता भक्तलाई न कुनै अभाव हुन्छ न उनीहरुले कुनै कुरा मागिरहनुपर्छ ।

दूर्गा सारा प्राणीकी जननी हुन् तर जसले उनलाई चिच्याएर बोलाउँछ वा आमाकै रूपमा व्यवहार गरिरहेको हुन्छ, तिनका समस्या समाधानमा उनी हरदम तयार रहन्छिन् । यसमा केही सन्देह छैनकि जसले उनको साधना गरिरहेको हुन्छ, त्यसको सापेक्ष रूपमा भौतिक र आध्यात्मिक प्रगति हुँदै गएको हुन्छ ।

मानिसको जीवनलाई उसको प्रारब्ध, मनमा उठ्ने विचार भावना र वरिपरिको वातावरणले धेरै प्रभाव पारेको हुन्छ । साधना वा उपासनाले ती परिवेशलाई क्रमशः अनुकूल बनाउन सहयोग पुर्‍याउँछन् । एकपटक मन्दिर गएर याचना गर्नु वा धूप सल्काउनु वा बली दिनु लामो जीवनको कालखण्डमा गौण कुरा हुन् । लगातारको उपासनाले मात्र मानिसको जीवनमा केही सकारात्मक छाप छोड्न सक्छ, जसरी धेरै मानिस हिँड्दा हिँड्दै जमिनमा गोरेटो देखिन्छ ।

साधनामा सन्तुलित रूपमा लागेको समय र श्रमबाट पाइने फल दिगो हुन्छ तर जसको सोचविचार कपटपूर्ण छ, जसको खानपान जीवनशैली असन्तुलित छ र जसको व्यवहार असामाजिक वा हदैसम्म स्वार्थ प्रेरित त्यस्ता व्यक्तिले साधना गर्नु व्यर्थ छ ।

भनिन्छ, नवरात्र जीवनलाई सकारात्मक मोड दिने अवसर हो, यसलाई भेटघाट, खानपिन, जुवा र रमाइलोमा मात्र सीमित नराखेर दूर्गा भगवतीलाई आमाको रूपमा मान्ने, आफ्ना कमजोरीको



बली दिने, सामाजिकीकरणमा लाग्ने, सन्तुलित खाना र मनोरञ्जनमा ध्यान दिन सकेमा व्यक्तिले शान्ति, आत्मविश्वास र सामर्थ्य प्राप्त गर्दै जान सक्छ । जसको उत्साह गिरेको छ, जीवनमा निराशा छाएको छ उनीहरूले स्वाभिमान र आत्मविश्वास जागृत गर्न नवरात्री एउटा अमूल्य अवसर हो ।

नवरात्रमा देवीको उपासना गर्ने केही विधिहरू छन् । विधिपूर्वक घटस्थापना गरी दैनिक पूजा, शक्तिपीठहरूको दर्शन, दुर्गा सप्तशतीको पाठ, सिद्ध कुञ्जिकास्तोत्र पाठ, जप, भजन, कन्याहरूलाई पूज्ने, मौनधारण आदि यसका केही उदाहरण हुन् । दुर्गा भगवतीको साधनामा सत्व, रज र तम गरी तीनै गुणहरूको उपासना भएको हुन्छ । अर्थात् यसमा ज्ञान, कर्म र भक्ति तीनै पक्षको समन्वय रहेको छ । साथै भगवतीको साधनाले लौकिक र अलौकिक दुवै मार्ग सन्तुलित तरिकाले अघि बढाउँछ । वामपन्थका साधना, उग्र प्रकारका देवीदेवताको साधनाहरू असुरक्षित पनि हुन सक्दछन् तर दुर्गा भगवतीको साधना सरल र सुरक्षित छ । यसलाई जटिल नबनाई जे सम्भव छ र जानिएको छ, त्यही मात्र गर्न सकिन्छ ।

जसरी दिनभरको कामबाट शरीर र मन थकित भएको हुन्छ र साँझपख आरामको आवश्यकता महसुस हुन्छ, त्यसैगरी लगातारको कामबाट केही समयका लागि विश्राम लिने र साधना गर्नाले हामीले एउटा नयाँ ऊर्जा पाउन सक्छौं । नवरात्रिलाई ऊर्जा खर्च गर्ने होइन, साधना गरी ऊर्जा जम्मा गर्ने (रिचार्ज गर्ने) पर्वका रूपमा लिन सकेमा कल्याण हुन्छ ।

दूर्गा माताको जप गर्दा मालाबाट र मानसिक रूपमा पनि गर्न सकिन्छ । जपको लागि नौ अक्षरमा ॐ थपिएको 'ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे'मन्त्र बढी प्रचलित छ । मनमनै एकाग्रता र समग्रतामा गर्न सकिने भएकोले यसलाई मन्त्र भनिएको हो । ऐं महासरस्वतीको बीजमन्त्र हो भने ह्रीं र क्लीं क्रमशः महालक्ष्मी र महाकालीका बीजमन्त्र हुन् । कुनै पनि जात, सम्प्रदाय र आस्थाका मानिसहरुले भगवतीको उपासना गरेर लाभ उठाउन सक्छन् ।

आज महिला सशक्तीकरणको विषय बढी जोडबलका साथ उठिरहेको छ । निश्चय नै महिलालाई दोश्रो दर्जाको नागरिकको रूपमा हेर्ने र व्यवहार गर्ने एवं अनेक खालका हिंसा गर्ने खालका व्यवहार निन्दनीय छन् । नवरात्रमा गरिने यस साधनाले नारीमा सबलता आउँछ । जब पुरूष वा स्त्री देवी देवताहरु समान रूपमा पूज्य र वन्दनीय छन् भने यस धर्तीका नारीहरु कसरी दोश्रो दर्जाका हुन सक्छन् ?

**अनलाइनखबरबाट**

## महिला ...

गरि मरणासन्न गरि कुटपिट गरेको हो । पिडित महिला सविता मण्डल (खत्वे)लेन्यायका लागि जिल्ला प्रहरि कार्यालय सिरहामा महिला सेलमा उजुरि दिएको बताउनुभएको छ । पिडित महिलाका अनुसार जि.प्र.का.सिरहाले उजिरिदिएको असोज २८ गते तर अहिले सम्मकुनै सुनुवाई नभएको दुखेसो पोखनुभएको हो । दतिलअधिकार क्षेत्रमा कृयासिल रहेको दलित जागरण केन्द्र गोलबजार सिरहाका सचिव संजय महराले दोषिलाई छानविन गरि कानुनअनुसार कार्वाहिको माग गरिएको हो । दलितमाथि भईरहको अन्याँय अत्चारमाथि सम्बन्धित निकायले चासो नदेखाएको प्रति चिन्ता समेत व्यक्त गरेको छ ।

## प्रधानमन्त्रीज्यू ...

स्वायत्त ढंगले काम गर्छ भन्ने कुरा देखाउनको लागि एउटा ताजा उदाहरण दिन्छु । संघबाट पश्चिम बंगाल गएको सीबीआईको टिमलाई पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले थुनेर राखेकी थिइन् । संघीय सरकारमा रहेको सत्ताधारी भारतीय जनता पार्टीका नेता लालकृष्ण आडवाणीको रथयात्रालाई बिहारका तात्कालीन मुख्यमन्त्री लालुप्रसाद यादवले रोकेका थिए । भारतमा जहिले पनि केन्द्रमा एउटा पार्टीको सरकार र प्रदेशमा अर्को पार्टीको सरकार बन्दाखेरि खटपट सुरू हुने गरेको छ । यस सम्बन्धमा अमेरिकाको उदाहरणलाई हेर्दा पनि प्रदेश र स्थानीय तहलाई संघीय सरकारको इकाईको रूपमा व्याख्या गरेको उदाहरण ती मुलुकहरूमा छैन । संयुक्त राज्य अमेरिकाविरूद्ध डरवीको मुद्दामा त्यहाँको सर्वोच्च अदालतले संघीय सरकारले बनाएको श्रमिकको अतिरिक्त ज्यालासम्बन्धी कानुनलाई खारेज गरी राज्यको कानुनलाई मान्यता दिएको थियो । न्यूयोर्कविरूद्ध संयुक्त राज्य अमेरिकाविरूद्धमा अमेरिकी सर्वोच्च अदालतले संघीय सरकारले राज्य सरकारलाई तिमीयस्तो कानुनबनाउभनेर आदेश दिननसक्ने फैसला गरेको थियो । प्रिन्टविरूद्ध संयुक्त राज्य अमेरिका मुद्दामा सर्वोच्च अदालतले भन्यो कि बन्दुक किन्ने व्यक्तिको व्यक्तिगत पृष्ठभूमि चेक गर्नका लागि राज्य र स्थानीय अधिकारीहरूलाई बाध्य पार्ने अमेरिकी संसदको कानुनबाट संघीय सरकारले अमेरिकी संविधानको दशौं संशोधनबाट थप भएको व्यवस्थाको उल्लंघन गरेको ठहर गर्‍यो ।

नेपालमा संघीयता भर्खरै स्थापना भएको छ, तर प्रदेशहरूले संविधानको भावना अनुकूल आफ्नो स्वायत्तता प्रयोग गर्ने र संविधानले दिएको अधिकार प्रयोग गर्नमा कुनै ढिलाई वा कसरत गरेको छैन । प्रदेश २ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भ्रमणताका प्रदेश सरकारले समन्वय व्यवस्थापन र निर्णयहरू आफ्नो हिसाबले स्वतन्त्र ढंगले गरेको थियो ।

ललितपुर उपमहानगरपालिकाले लगातार १२ वटा स्थानीयतहले संघीय सरकारबाट पठाइएको कर्मचारीलाई हाजिर नगराएर फिर्ता पठाएको थियो । सारमा यति भनौं संवैधानिक र अभ्यासको हिसाबले प्रदेश संघको प्रशासनिक निकाय होइन, र यही भावनाअनुसार काम गर्दा नै विभिन्न तहबीचको समन्वय र सहकार्यको प्रवर्द्धन हुन्छ । हाम्रो संघीय संविधानले परिकल्पना गरेको लक्ष्य पनि यही हो ।

विवाद समाधानका लागि संविधानले परिकल्पना गरेको अन्तर प्रदेश परिषद्को तीनपटक भएका भेलामा सातवटै प्रदेशका मुख्यमन्त्रीहरूले राखेको अभिव्यक्तिको श्रव्य अभिलेख सार्वजनिक गर्दा कसले के भने र त्यो भनाइबाट उनीहरू स्वायत्तत मुख्यमन्त्रीका रूपमा प्रस्तुत भएका थिए कि अधीनस्थ युनिटका रूपमा प्रस्तुत भएका थिए, हेर्दा दूधको दूध र पानीको पानी छुटिन्थ्यो ।

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ राष्ट्रिय दैनिक लहानपोस्ट LAHANPOST DAILY

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

अर्नमा गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

औरही गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

# यी नौ औषधिय प्रतिक हुन् नवदुर्गा



अहिले हामी नवदुर्गाको पूजाआजा गरिरहेका छौं । नवरात्र प्रारम्भ भएयताको नौ दिनसम्म विभिन्न स्वरूपमा रहेका दुर्गाको पूजाआजा गरिन्छ । दुर्गालाई शक्तिको प्रतिक मानिन्छ । धार्मिक विश्वास अनुसार माता दुर्गाको भक्ती आरधाना गर्दा हाम्रो संकट नष्ट हुन्छ ।

त्यसैगरी नवदुर्गाको जुन भिन्न भिन्नै स्वरूप छन्, ति सबैमा औषधिय महिमा पनि जोडिएको छ । नवदुर्गाको नौ औषधि स्वरूपलाई सर्वप्रथम मार्कण्डेय चिकित्सा पद्धतिको रूपमा दर्शाइएको छ । धार्मिक मान्यता के छ भने चिकित्सा प्रणालीको यो रहस्या वास्तवमा ब्रम्हाजीले दिएका थिए, जुन कुरा दुर्गा कवचको सन्दर्भमा उल्लेख गरिएको पाइन्छ । यी औषधि समस्त प्राणीको रोग नष्ट गर्ने खालका छन् ।

यसले शरीरको रक्षाका लागि कवचका समान काम गर्छ । यसको प्रयोगबाट मान्छे अकाल मृत्युबाट बाँच्न सक्छन् ।

**प्रथम शैलीपुत्री अर्थात हरड**

नवदुगाको प्रथम रूप शैलीपुबी मानिएको छ । केही समस्यामा काम आउने औषधि हरड, हिमावती हुन् जो देवी शैलीपुत्रीको एक रूप हो । यो आयुर्वेदको प्रधान औषधि हो, जुन सात प्रकारका हुन्छन् ।

पथया- जो हित गर्नेवाला हो । कायस्थ- जो शरीर स्वस्थ बनाइराख्ने हो ।

अमृता- अमृत समान

हेमवती- हिमालयमा हुनेवाला

चेतकी- चित्त प्रशन्न गर्नेवाला ।

श्रेयसी शिवा - कल्याण गर्ने ।

**द्वितीय ब्रम्हाचारिणी अर्थात ब्रम्ही**

ब्रम्ही नवदुर्गाको देस्रो रूप ब्रम्हाचारिणी हो । यो आयु र स्मरणशक्ति बढाउने, विकार नास गर्ने र स्वरलाई मधुर बनाउने औषधि हो । यसैले ब्रम्हीलाई सरस्वती पनि भनिन्छ ।

यसले मन–मस्तिष्कमा शक्ति प्रदान गर्छ । ग्यास, मुत्र सम्बन्धी रोग हटाउँछ । यसले मूत्रको माध्यामबाट रक्त बिकारलाई बाहिर निकाल्छ ।

**तृतीय चन्द्रघन्ट अर्थात चन्दुसूर**

नवदुर्गाको तेस्रो रूप हो चन्द्रघण्ट, यसलाई चन्दुसूर वा चमसूर पनि भनिन्छ । यो एक यस्तो बिरूवा हो, जो धनिया जस्तै हुन्छ । यस विरूवाको पात सब्जी बनाइन्छ, जो लाभदायक हुन्छ । यो औषधि मोटोपन घटाउनमा बढी प्रभावकारी मानिन्छ । यसैगरी शक्ति बढाउने, हृदयरोग कम गर्ने औषधि पनि हो चन्द्रिका ।

**चतुर्थ कूष्मान्डा अर्थात पेठा**

नवदुर्गाको चौथो रूप कूष्मान्डा हो । यस औषधिबाट पेठा मिठाई बनाइन्छ, त्यसैले यसको रूपलाई पेठा भनिन्छ । यसलाई कुम्हडा पनि भनिन्छ, जो पुष्टिकारक, वीर्यवर्धक र रक्तविकार ठीक गर्नेमा सहायक मानिन्छ । मानसिक रूपले कमजोर व्यक्तिका लागि अमृत समान हो यो । यसले शरीरको समस्त दोष हटाएर हृदय रोग ठीक बनाउँछ ।

**पञ्चम स्कन्दमाता अर्थात अलसी**

नवदुर्गाको पाँचौ रूप स्कन्दमाता हो, जसलाई पार्वती एवं उमा पनि भनिन्छ । यो औषधिको रूपमा अलसी विद्यामान छ । यो वात, पित्त, कफ रोग नष्ट गर्ने औषधि हो ।

**षष्ठम कात्यायनी अर्थात मोइया**

नवदुर्गाको छैठौं रूप कात्यायनी हो । यसलाई आयुर्वेदमा केही नामले चिनिन्छ, जस्तो अम्बा, अम्बालिका, अम्बिका । यसका साथै यसलाई मोइया अर्थात माचिका पनि भनिन्छ । यो कफ, पित्त, विकार र घाटीको रोग निको बनाउन उपयोगी हुन्छ ।

**सत्पम कालरात्रि अर्थात नागदौन**

दुर्गाको सप्तम रूप कालरात्रि हो, जसलाई महायोगिनी, महायोगीश्वरी भनिन्छ । यो नागदौन औषधिको रूपमा चिनिन्छ । यसले सबै किसिमको रोग निको बनाउँछ र मतिष्कको विकार पनि हटाउँछ । यसको विरूवालाई घरमा रोप्दा पनि राम्रो हुन्छ । यसले वायुमण्डलाई शुद्धिकरण गर्छ ।

**अष्टम महागौरी अर्थात तुलसी**

नवदुर्गाको अष्टम रूप महागौरी हो, जसलाई धेरैले औषधिको रूपमा चिनेका छन् । यसको नाम तुलसी हो, जो अधिकांशको घरमा रोपिएको हुन्छ । तुलसी सात प्रकारका हुन्छन्, सेतो तुलसी, कालो तुलसी, मरूता, दवना, कुढेरक, अर्जक र षटपत्र । यी सबै प्रकारका तुलसीले रगत सफा गर्छ र हृदय रोग ठिक गर्छ ।

**नवम सिद्धिदात्री अर्थात शतावरी**

नवदुर्गाको नवम रूप सिद्धिदात्री हो, जसलाई नारायणी वा शतावरी भनिन्छ । शतावरी बृछि, बल एवं वीर्यका लागि उद्यम औषधि हो । यसले रक्तविकार एवं वात पित्त नष्ट गर्छ । हृदयको स्वास्थ्यका लागि यो महाऔषधि हो ।

**अनलाइनखबरबाट**

# परीक्षा संचालनको नाममा विद्यार्थीसँग रकम असुली




**सिरहा ।** जनता माध्यमिक (प्राविधिक) विद्यालय गोलबाजर ४ ले प्रवेश पत्रको नाममा एक सय ८० विद्यार्थीसँग प्र.अ. भरत साहले जनही सय रूपैयाँका दरले १८ हजार असुलि गरेको छ । राष्ट्रिय परीक्षा बोर्डले कोभिड–१९ का कारण ११ कक्षाको परीक्षा विद्यालयलाई परीक्षा लिन भनेपछि परीक्षा संचालन तथा कपी काट्ने खर्च बापत रकम असुल गरेको हो ।

छिमेकी विद्यालयहरूले यस्तो रकम नउठाएपनि यो विद्यालयले राष्ट्रिय परीक्षा बोर्डेको निर्देशनलाई लत्याउदै नियम विपरित रकम असुल गरेको छ । पछि विभिन्न ठाउँबाट विद्यालयमा दवाव पुगेपछि हतार हतार रसिद छपाएर विद्यार्थीको नामममा काटेको स्रोतले बताएको छ । काटीएका रसिहरूपनि सवै विद्यालयसँगै रहेको छ ।

अघिल्ला वर्षहरूमा परीक्षाको सम्पूर्ण जिम्मेवारी परीक्षा बोर्डको रहनेगरेको थियो । यो वर्ष ११ कक्षाको परीक्षाको सम्पूर्ण खर्च विद्यालयले नै व्यहोर्नुपर्ने भएकालेले वीद्यार्थी र स्टाफ बैठक बसेर एक सय रूपैयाँको दरले उठाएको विद्यालयका प्रधानाध्यापक साहले जनाए ।

राष्ट्रिय परीक्षा बोर्ड लहान शाखाका प्रमुख पुष्प खनालले १२ कक्षाको परीक्षामा यो रकम समायोजन गर्नेगरी परीक्षा लिन निर्देशन दिएको बताए । उनलेभने, 'हामीले पछि १२ को परीक्षा फर्म भर्दा थप रकम लिने गरी परीक्षा संचालन गर्न निर्देशन दिएका छौं, अहिलेनै लिन जरूरी थिएन् ।'

यता विद्यालयका प्रधानाध्यापक साहले अहिले यसरी लगानी गर्न सक्ने अवस्थामा विद्यालयको नरहेकोले रकम लिएको जनाए । विद्यार्थी, शिक्षक सवैको सहमतिमा रकम उठाएका हौं, प्र अ. साहले भने, 'हामीले अहिले सय रूपैयाँ उठाएका छौं, १२ कक्षाको फर्म भर्दा सय रूपैयाँ घटाएर लिन्छौं ।'

विद्यालयले परीक्षा संचालन बापत भनेपनि रसिदमा भने प्रवेशपत्र बापत भनी उल्लेख गरिएको छ । प्र.अले रसिद समेत नदिई केहि शिक्षकको मिलोतोमा विद्यार्थीलाई थप व्ययभार बोक्न बाध्य बनाई आफनो आर्थिक अनियमितता गर्ने इछाले रकम असुलि गरेको हुन सक्ने स्रोतले दावि गरेका छन ।

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना
कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।
बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना
कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।
सिरहा नगरपालिका कार्यालय, सिरहा



विजया दशमी
तथा
शुभ-दीपावली
एवम्
छठ पर्व
२०७७ को पावन अवसरमा पत्रकार संचारकर्मी, व्यापारी, विदेशमा बस्नुभएका दाजु भाई दिदी बहिनी, कर्मचारी, विद्यार्थी वर्ग तथा समस्त शुभचिन्तकहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना
लहानपोस्ट दैनिक परिवार
लहान-१०, ग्रामीण चौक



कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना
कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना
कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना
कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।
गोलबजार नगरपालिका कार्यालय, सिरहा

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)